क्व्होलासोथार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या: ०२ मिति: २०७५/०५/०८

## भाग-२

## क्व्होलासोथार गाउँपालिका

### क्व्होलासोथार गाउँपालिका विशेष सामाजिक सुरक्षा कार्यविधि,२०७५

नेपालको संविधानको भाग-३ अर्न्तगत मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ३ तथा धारा ४३ को सामाजिक सुरक्षाको हक, अनुसूची-८ को स्थानीय तहको अधिकारको सूची अर्न्तगत ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (त) तथा (च) को अधिनमा रही क्व्होलासोथार गाउँपालिकाको गाउँ कार्यपालिकाको

वैठकले क्व्होलासोथार गाउँपालिका विशेष सामाजिक सुरक्षा तथा व्यवस्थापन कार्यविधि, २०७५ पारीत गरेको छ।

१) संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम ‘क्व्होलासोथार गाउँपालिका विशेष सामाजिक सुरक्षा कार्यविधि, २०७५’ रहेको छ।

ख) यो कार्यविधि क्व्होलासोथार गाउकार्यपालिका वाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२) परीभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) ‘कार्यविधि’ भन्नाले क्व्होलासोथार गाउँपालिका सामाजिक सुरक्षा कार्यविधि २०७५ लाइ सम्झनुपर्छ ।

ख) ‘गाउँपालिका’ भन्नाले क्व्होलासोथार गाउँपालिकालाइ सम्झनुपर्छ ।

ग) ‘ वडा समिति ’ भन्नाले क्व्होलासोथार गाउँपालिकाको सम्वन्धित वडा समितिलाइ सम्झनुपर्छ ।

३) कार्यविधिका उद्देश्यहरु :

- अति विपन्न र पूर्ण अपांग व्यक्तिहरुको जीवनयापनमा सरलीकरण तथा सहजीकरण गर्न।
- अति विपन्न र गम्भिर प्रकृतिका विरामीलाई स्थानीय सरकारको सामाजिक सुरक्षाको दायित्व निर्वाह गर्न।

४) लाभग्राहि छनौटका आधारहरु :

क) पूर्ण अशक्त अपांग लाभग्राहि :

यस अर्न्तगत निम्न लाभग्राहिले मासिक रु. १००० भत्ता पाउनेछन :

- हात खुट्टा नचल्ने तथा हिंड्डुल गर्न अरुको सहारा चाहिने लाभग्राहि

- दुवै आँखा नदेख्ने लाभग्राहि

- पूर्ण रुपमा मानसिक सन्तुलन गुमाएको लाभग्राहि

उल्लेखित लाभग्राहिहरुको साहारा कोहि पनि नभएको अवस्थामा मात्र मासिक भत्ता पाउनेछ।

ख) अति विपन्न र गम्भिर विरामी लाभग्राहि :

- दुवै मृगौलाले काम गर्न छोडेको र मृगौला प्रत्यारोपणको लागि सवै प्रकिया पुरा गरी अस्पतालमा भर्ना भएका विरामीलाई सहयोग स्वरुप एकपटक मात्र रु १००००० प्रदान गरिनेछ।

- दुवै मृगौलाले काम गर्न छोडेको तथा डायलाइसिस गराइरहेका विरामी लाई एकमुष्ठ एकपटक मात्र रु. १०००० दिइनेछ।

- गम्भिर प्रकारका मुटुरोगी अप्रसन गर्नुपर्ने विरामीलाई सहयोग स्वरुप एकमुष्ठ एकपटक मात्र रु. २५००० प्रदान गरिनेछ।

ग) माथि उल्लेखित लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सम्वन्धित वडाको वडा समिति ले निर्णय गरी वडा कार्यालयवाट सिफारीस ल्याउनु पर्नेछ ।

घ) माथि उल्लेखित सम्पूर्ण सामाजिक सुरक्षा भत्ताहरु गाउँपालिकाको आन्तरीक स्रोतवाट व्यहोरीने छ ।

५) यो कार्यविधि क्व्होलासोथार गाउँकार्यपालिकाले आवश्यक संशोधन तथा खारेज गर्न सक्नेछ ।

आज्ञाले,

प्रमाणीकरण मिति २०७५/०५/०८ | राकेश गुरुङ

प्रमुख प्रशासकीय अधिकृत